२०७९ सालको कार्यविधि नं. ७

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ | संख्याः ७ | मितिः२०७९।०८।०८

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका टोल विकास संस्था गठन, परिचालन तथा सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावनाः**

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गरी गाउँ नगरको अन्तरसम्बन्धलाई सुदृढीकरण गर्न, गाउँ र नगरको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपुरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुर्‍याउन, सहभागितात्मक योजना तर्जुमा गर्न, उद्यमी समाजको निर्माण गर्न, टोलका जनसमुदायहरुलाई संस्थागत रुपमा विकास गर्ने वातावरण सिर्जना गर्ने जस्ता उद्धेश्य लिई राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोगमा यस उपमहानगरपालिकामा समेत

सञ्चालित गाउँ नगर साझेदारी विकास कार्यक्रम अन्तर्गत स्थानीय तहको सामाजिक तथा आर्थिक विकासका लागि समुदाय परिचालनका लागि अघि सारिएको टोल विकास संस्थाको अवधारणा बमोजिम गठीत टोल विकास संस्थाहरुले सामाजिक परिचालनका माध्यमबाट यस उपमहानगरपालिकाको विकास प्रक्रियामा हालसम्म पुर्‍याएको योगदानलाई अक्षुण राख्न आवश्यक देखिएकोले आगामी दिनमा बृहत्तर हेटौंडाको अवधारणा बमोजिम विस्तारित क्षेत्रमा समेत समुदाय परिचालनका माध्यमबाट समाबेशी, समतामूलक, वातावरणमैत्री दिगो विकास हासील गर्न यस्ता संस्थाहरुको स्थापना तथा सञ्चालनलाई व्यवस्थित एवं प्रभावकारी बनाउन आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

**क)** यो कार्यविधिको नाम "हेटौंडा उपमहानगरपालिका टोल विकास संस्था गठन, परिचालन तथा सञ्चालन कार्यविधि, २०७९" हुनेछ ।

ख) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएपछि राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

ग) यो कार्यविधि हेटौंडा उपमहानगरपालिका अन्तर्गत सञ्चालनमा रहेको र नयाँ गठन हुने टोल विकास संस्था, वडा समन्वय समिति र नगर समन्वय समितिमा लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**क)** "उपमहानगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकालाई सम्झनुपर्दछ ।

**ख)** "उपसमिति" भन्नाले कुनै निश्चित कार्य तथा अवधि तोकी गठन गरिएको उपसमितिलाई सम्झनु पर्छ ।

ग) "निर्देशक समिति" भन्नाले टोल विकास संस्थाको नीतिगत र कार्यक्रमगत पृष्ठपोषणका लागि दफा ७(१)बमोजिम गठन हुने समितिलाई सम्झनुपर्दछ ।

घ) "कार्य समिति" भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्झनुपर्छ ।

ङ) "कार्यमुलक समुह" भन्नाले टोल विकास संस्था गठन नभएको वा टोल विकास संस्थाले नसमेटेको क्षेत्रमा कार्यविधि बमोजिम काम गर्न वा कायम रहेको संस्थाले कुनै क्षेत्र वा टोलमा कार्यक्रम सञ्चालनमा अप्ठ्यारो भएमा निश्चित समयका लागि तदर्थ रुपमा गठन गरिएको समूहलाई सम्झनुपर्दछ ।

च) "विधान" भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनुपर्छ ।

हेटौंडा राजपत्र

छ) "पदाधिकारी" भन्नाले टोल विकास संस्थाका अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, उप महासचिव, सचिव, कोषाध्यक्ष, सह कोषाध्यक्ष र सदस्यहरुलाई जनाउँछ ।

ज) "नगर समन्वय समिति" भन्नाले यस कार्यविधिको दफा ९ बमोजिम गठन हुने टोल विकास संस्था नगर समन्वय समितिलाई जनाउंदछ ।

झ) "तोकिए" वा "तोकिए बमोजिम" भन्नाले संस्थाले समय समयमा गर्ने निर्णय बमोजिम निर्धारित कार्यविधिमा उल्लेखित कुराहरुलाई जनाउँदछ।

ञ) "संस्था" भन्नाले शहरी समाजमा विविध खालका सामाजिक–सांस्कृतिक, स्रोत–साधन परिचालन, वातावरणीय, स्वास्थ्य सरसफाइ तथा विकासमुलक कार्यहरुलाई व्यवस्थित रुपमा परिचालन गर्न निश्चित भौगोलिक सिमाना क्षेत्रलाई समेटी दफा ३ अनुसार गठन भएको टोल विकास संस्थालाई सम्झनुपर्छ ।

**३. टोल विकास संस्था गठन तथा सञ्चालनः**

क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ। सो छाप संस्थाले आ–आफ्नो नाम राखी प्रयोग गर्न पाउनेछन्। तर एउटै नाम राख्न पाईने छैन ।

ख) संस्थाले व्यक्तिसरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न वा कुनै प्रकारको बन्दोबस्त गर्न सक्नेछ ।

ग) संस्थाले व्यक्ति सरह आ–आफ्नो नामवाट नालिस उजुर गर्न र सो उपर नालिस उजुर लाग्न सक्नेछ।

घ) संस्थाहरु यस कार्यविधि बमोजिम सञ्चालन तथा परिचालन हुनुपर्दछ ।यो कार्यविधि बमोजिम संस्थाहरु सञ्चालन नहुने संस्था स्वतः विघटन हुनेछ ।

## परिच्छेद – २

## कार्यविधिको उद्देश्यहरु

४. यस कार्यविधि बमोजिम गठन हुने संस्थाहरु वा संस्थामा आवद्ध सबै सदस्यहरुको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछः

क) टोल विकास संस्थाहरुको गठन, पुनर्गठन तथा सञ्चालन गर्ने।

ख) संस्थालाई सक्षम, स्वावलम्वी र दिगोसंस्थाको विकास गर्ने।

ग) टोल विकास संस्थाहरुको बार्षिक कार्ययोजना तर्जुमा गर्ने।

घ) टोल विकास संस्थाहरु र वडा समितिहरुका बीच अन्तर समन्वय गर्ने ।

ङ) टोलका व्यक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रमको संचालन गरी गरिबी न्यूनीकरणमा मद्दत पुर्‍याउने कार्यक्रमलाई प्रोत्साहित गर्ने।

च) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरका समुदायका व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुग्ने कार्यक्रमलाई प्रोत्साहित गर्ने ।

छ) संस्थालाई उद्धेश्य परिपूर्तिका लागि प्रभावकारी बनाउने ।

ज) समुदाय तथा स्थानीय स्तरमा श्रोत पहिचान तथा परिचालन गर्ने ।

झ) स्वच्छ तथा सकारात्मक प्रतिस्पर्धात्मक भावनाको विकास गरी समुदायस्तरको विकास प्रक्रियालाई प्रभावकारी बनाउने ।

ञ) टोल विकास संस्थाहरुबीच सिक्ने सिकाउने मान्यतालाई प्रवर्धन गर्ने ।

ट) उपमहानगरपालिकाले सञ्चालन गर्ने विभिन्न अभियानहरुमा आवद्धता जनाउदै क्रियाशील सहयोगी भूमिका निर्वाह गर्ने ।

ठ) संस्थालाई उपमहानगरपालिकाको सबभन्दा तल्लो एकाईको रुपमा स्थापित गराई सहभागितात्मक नगरपालिका योजना तर्जुमा, अनुगमन तथा मुल्यांङ्कन प्रक्रियामा सक्रिय सहभागी बनाउन उत्प्रेरित गर्ने ।

**५. संस्थाका कार्यहरु तथा दायित्वहरुः**

क) प्रत्येक टोल स्तरमा शत प्रतिशत घरपरिवार (एकघर एक सदस्य) सहभागी भएका महिला वा पुरुष वा दुवै थरी समावेश भएको टोल विकास संस्था गठन गर्नु पर्छ।

ख) सदस्यहरुवाट नियमित रुपमा बचत संकलन र परिचालन गर्न विविध कार्यहरु सञ्चालन गर्ने ।

ग) संस्थाका सदस्यहरुलाई उद्यमशीलता तर्फ अग्रसर गराउन आफ्नो स्वलगानी तथा संस्थाबाट ऋण लिई उद्यम संचालन गर्न पहल गर्ने।

घ) तालिम तथा प्रविधिमा विशेष चाख राखी टोलवासीहरुको ज्ञान र सीप वृद्धि गराउने कार्यमासहयोग गर्ने ।

ङ) टोलमा आईपरेका समस्याहरु समाधान गर्न एकअर्कामा भाईचारा कायम गरी सभ्य समाजको अवधारणा कायम गर्ने।

च) पिछडिएका वर्ग तथा जनजातिहरुको विकासका लागि सम्वन्धित क्षेत्र तथा निकायवाट सहयोगका लागि सम्वन्ध विस्तार तथा समन्वय कायम गर्ने ।

छ) संस्थाले स्वःप्रयासमा उपमहानगरपालिकाको पूर्व स्वीकृति लिई कार्यक्रम सञ्चालन गर्न सक्नेछ । र सञ्चालनमा आएका कार्यक्रमको दायित्व, जिम्मेवारी स्वयं संस्थाले बहन गर्नुपर्नेछ ।

ज) संस्थाले नियमित रुपमा बार्षिक साधारण सभा गर्नु पर्नेछ ।जसबाट आगामी बर्षको बार्षिक कार्य योजना, लेखापरीक्षण प्रतिवेदन पारित गर्नु पर्दछ ।

झ) संस्थाले बार्षिक रुपमा साधारण सभाबाट पारित गरेको प्रस्तावहरु उपमहानगरपालिका तथा नगर समन्वय समितिमा नियमित रुपमा प्रतिवेदन साथपेश गर्नु पर्दछ। साधारण सभा प्रत्येक वर्षको प्रथम चौमासिक अवधिभित्र सम्पन्न गरिसक्नुपर्दछ ।

ञ) संस्थाको तोकिएको भौगोलिक क्षेत्रभित्रका प्रत्येक घरधुरी (सत् प्रतिशत) बाट कम्तिमा एक परिवार एक सदस्य महिला वा पुरुष अनिबार्य भएको टोल विकास संस्था गठन गर्नुपर्दछ। तर एकै घर परिवारबाट वालिग एक भन्दा बढी व्यक्ति संस्थाको सदस्य हुन बाधा पुर्‍याएको मानिनेछैन। मताधिकार प्रयोगका लागि एक घर परिवार एक मत कायम गरिनेछ ।

## परिच्छेद – ३

## संस्था गठन एवं संचालन विधि

**६. निर्देशक समितिको आवश्यकताः** हेटौडा उपमहानगरपालिका अन्तर्गत क्रियाशील टोल विकास संस्थाको काम, कार्यवाही, गठन एवं विघटन, बिधान स्वीकृति, परिमार्जन तथा अनुगमन, मुल्यांकन, पुरस्कृत लगायतको कार्य गर्न निर्देशक समिति गठन गरिनेछ।

**७. निर्देशक समितिः**

**(१)** टोल विकास संस्था गठन, परिचालन तथा व्यवस्थापनका सन्दर्भमा नीतिगत व्यवस्था, वार्षिक कार्ययोजना तर्जुमा, ऋण लगानी तथा व्याज दरमा एकरुपता निर्माण, छाता संस्थाको संस्थागत विकास, श्रोत साधनको पहिचान तथा परिचालन र अन्तर निकाय समन्वय तथा सहकार्य जस्ता बिषयहरुमा पृष्ठपोषण तथा मार्ग निर्देशनका लागि देहाय बमोजिम पदाधिकारीहरु रहेको टोल विकास संस्था सञ्चालन तथा परिचालन निर्देशक समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) नगर उपप्रमुख | सह संयोजक |
| (ग) अध्यक्ष, टोल विकास संस्था नगर समन्वय समिति, हेटौडा | सदस्य |
| (घ) प्रमुख, सामाजिक विकास समिति | सदस्य |
| (ङ) संयोजकले तोकेको एक महिला सहित २ जना नगर सभा सदस्य | सदस्य |
| (च) प्रमुख, सामाजिक विकास महाशाखा | सदस्य सचिव |

**(२)** निर्देशक समितिको वैठक चार/चार महिनामा एक पटक बस्नेछ। यसका अतिरिक्त आवश्यकताको आधारमा अन्य वैठक पनि वस्न सक्नेछ। साथै यो कार्यविधिको सफल कार्यान्वयनका लागि यस समितिले आफ्नो कार्यविधि आफैं तयार गरी लागु गर्न सक्नेछ। बैठक भत्ता, तथा सुविधा सम्बन्धी निर्णय नगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**(३)** निर्देशक समितिको सचिवालयले देहायका कार्यहरू गर्नेछ,

हेटौडा नगरपत्र

क) निर्देशक समितिका निर्णयहरू कार्यान्वयन गर्ने ।

ख) कार्यविधिमा उल्लेख भए बमोजिमको प्रकृया अनुरूप कार्यान्वयन गर्ने ।

ग) प्रतिवेदनहरू तयार गरी निर्देशक समिति तथा अन्य सम्बन्धित निकायमा प्रस्तुत गर्ने ।

**८. संस्था गठन एवं कार्य संचालन विधिः**

क) निश्चित भौगोलिक क्षेत्रका कम्तिमा ८० घरधुरी भएको बस्ती क्षेत्रका व्यक्तिहरुको सर्वसम्मति निर्णयवाट टोलको क्षेत्र निक्यौंल गरेपछि त्यस टोलभित्र बसोबास गर्ने सम्पुर्ण घरधुरीहरुको उपस्थितिमा संस्था गठन गर्ने निर्णय गरी भेलाको निर्णय सहित उपमहानगरपालिकामा निवेदन दिनु पर्दछ। निर्देशक समितिले आवश्यक अध्ययन गरी संस्था दर्ताको लागि स्वीकृति प्रदान गर्नेछ। टोल विकास संस्था दर्ता गर्नको लागि तदर्थ समितिले अनुसूची १ बमोजिमको ढाचामा विधान तयार गर्नु पर्दछ।

ख) दफा ८ (क) बमोजिम टोल विकास संस्था गठन गर्न उपस्थित भएकाहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा तदर्थ समिति गठन गर्न सकिनेछ। उक्त तदर्थ समितिमा एक–एक जना अध्यक्ष, उपाध्यक्ष, सचिव ,सहसचिव र अन्य घरधुरीहरु सदस्यहरु सम्मिलित बढीमा एघार सदस्यीय कार्यकारी समिति हुनेछ ।

ग) संस्था गठनको लागि निवेदन दिएको बढीमा तीन महिनाभित्र तदर्थ समितिले उपमहानगरपालिकाको प्रतिनिधि, नगर समन्वय समिति र वडा समन्वय समितिको प्रतिनिधिको उपस्थितिमा औपचारिक रुपमा साधारण भेला बोलाउनुपर्नेछ। साधारण सभाबाट सर्वसम्मत वा बहुमतीय आधारमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहसचिव १।१ र बाँकी सदस्य रहनेगरी बढीमा एघार सदस्यीय कार्य समिति निर्वाचित हुनेछ। संस्था वा वडा समन्वय समितिमा अध्यक्ष हुन कम्तिमा एक कार्यकाल सदस्य वा पदाधिकारी भएको हुनुपर्नेछ। यसरी निर्वाचित कार्य समितिको कार्यकाल दुई वर्षको हुनेछ ।

घ) दफा ८(क) बमोजिम दर्ताको स्वीकृति प्राप्त गर्ने संस्थालाई दर्ता गरी अनुसुची –२ बमोजिम को ढाँचामा प्रमाण पत्र उपलब्ध गराईनेछ । यो प्रमाण पत्र उपमहानगरपालिकामा लेखा परिक्षण सहित बार्षिक प्रतिवेदन नगर समन्वय समितिको सिफारिस सहित बुझाए स्वतः नविकरण हुनेछ। लगातार दुई बर्ष प्रतिवेदन नबुझाएमा टोल विकास संस्था नगर समन्वय समितिको सिफारीसमा प्रमाण पत्र रद्द गर्न सक्नेछ ।

ङ) टोल विकास संस्थाको बैठक मासिक रुपमा नियमित बस्नेछ । आवश्यकतानुसार जुनसुकै वेला पनि बस्न सकिनेछ।

च) संस्थाले यस कार्यविधिको अधिनमा रही संचालक समितिको अनुमति लिई आफ्नो कार्यलाई प्रभावकारी वनाउन कार्यविधि तयार पारी लागु गर्न सक्नेछ।

छ) प्रत्येक आर्थिक बर्ष समाप्तिको ४ महिना भित्र साधारण सभा र २ बर्षमा समितिको अधिवेशन गर्नु पर्नेछ।

ज) दफा ८(क) बमोजिम टोल विकास संस्था गठन गर्दा गठन भैसकेका टोल विकास संस्थाको भौगोलिक क्षेत्र नगाभिने हुनपर्दछ ।साथै टोल विकास संस्था गठनका लागि छिमेकी तथा सिमामा रहेका सबै टोल विकास संस्थाको लिखित सहमति आवश्यक पर्नेछ ।

झ) संस्था र समितिले आवश्यकताको आधारमा कार्य सहजताको लागि विभिन्न समिति र उपसमिति गठन गर्न सक्नेछ।

ञ) टोल विकास संस्थाले नगर समन्वय समितिलाई अनुसूची ३ बमोजिमको ढाँचामा अर्धवार्षिक रुपमा प्रतिवेदन बुझाउनु पर्नेछ।

**९. नगर समन्वय समिति गठन र समितिको काम, कर्तव्य र अधिकारः**

**(१)** नगर समन्वय समितिको गठनः यस कार्यविधि बमोजिम गठन भएका र हुने संस्थाहरुबीच समन्वय, सम्पर्क तथा अनुभव आदान प्रदान एवं नगर स्तरिय सामुदायिक कार्यका लागि तपसिलको प्रक्रिया बमोजिम टोल विकास संस्था नगर समन्वय समिति गठन गरिनेछ।यसको गठन प्रक्रिया निम्न अनुसार हुनेछ।

क) नगरभित्र गठन भएका प्रत्येक टोल विकास संस्थाहरुबाट टोल विकास संस्थाले आफ्ना सदस्य मध्येबाट तोकेका कम्तिमा एक महिला सहित दुई जना प्रतिनिधिहरु, प्रत्येक वडा समन्वय समितिबाट एक महिला सहित तिन जना प्रतिनिधिहरु र आयोजक समिति रहने नगरस्तरीय साधारण सभा गठन हुनेछ ।

ख) उपदफा ९ (१) (क) अनुसार गठन भएको साधारण सभाले अध्यक्ष १, उपाध्यक्ष ५ (दुई महिला अनिवार्य), महासचिव १, उपमहासचिव १, सचिव ५ (दुई महिला अनिवार्य), कोषाध्यक्ष १, सहकोषाध्यक्ष १ गरी १५ जनाको पदाधिकारी र अन्य सदस्य रहने गरी बढीमा ५१ जनाको कार्यसमिति साधारण सभाले निर्वाचित वा सर्वसम्मत गर्नेछ।जस मध्ये पदाधिकारी १५ जना, भुगोलबाट निर्वाचित सदस्य १९ जना, खुल्ला सदस्य ५ जना, महिला २ जना, दलित, जनजाती, सिमान्तीकृत महिला र पुरुष २।२ जना गरी जम्मा ४ जना र आवश्यकताको आधारमा समावेशीताको सिद्धान्तलाई मध्यनजर गरी अध्यक्षको मनोनयनमा कार्यसमितिले अनुमोदन गरेको ६ जना गरी जम्मा ५१ जना रहनेछ।उपाध्यक्ष मध्येबाट अध्यक्षको सिफारिसमा कार्य समितिले १ जनालाई वरिष्ठ उपाध्यक्ष तोक्नेछ।भुगोलबाट निर्वाचित सदस्यहरुले सोही वडा समन्वय समितिलाई संचालन, परीचालन गर्ने कार्यमा संयोजनकारी भूमिका निर्वाह गर्नेछ।समन्वय समितिको निर्णय अनुसार समितिका सबै पदाधिकारी सहित कार्यसमितिको कुलसंख्याको एक तिहाई सदस्यीय सचिवालय रहने छ। यो कार्यविधि लागू भएपश्चात गठन हुने निर्वाचित कार्य समितिको कार्यकाल ३ वर्षको हुनेछ। कार्यकाल समाप्त भएको मितिले ६ महिना भित्र अनिबार्य

रुपमा भेला बोलाउनुपर्नेछ। नगर समन्वय समितिमा १ कार्यकाल पुरा गरीसकेका कार्यसमितिका सदस्यहरुमात्र पदाधिकारी हुन पाउनेछन्।

ग) टोल विकास संस्था नगर समन्वय समिति, वडा समन्वय समिति र टोल विकास संस्थामा जन प्रतिनिधिहरु सल्लाहकारको रुपमा मात्र बस्न पाईनेछ। निर्वाचन प्रक्रियामा भाग लिन पाईने छैन।

घ) नगर समन्वय समितिको बैठक त्रैमासिक रुपमा बस्नु पर्दछ तर आवश्यकता अनुसार बैठक बस्न बाधा पर्ने छैन।

ङ) नगर समन्वय समितिले व्यवस्थित सञ्चालन तथा व्यवस्थापनका लागि छुट्टै विधान तथा नियमाबली बनाउन सक्नेछ। विधान तथा नियमाबली टोल विकास संस्थाको नगर भेलाले स्वीकृत गरी निर्देशक समितिबाट अनुमोदन भए पश्चात लागू हुनेछ ।

च) समन्वय र परिचालनको सहजताका लागि नगर समन्वय समितिको कार्यालय उपमहानगरपालिका कार्यालय हाताभित्र रहनेछ। वडा स्तरीय समन्वय समितिको कार्यालय सम्बन्धित वडा कार्यालयमा रहनेछ।

(२) नगर समन्वय समितिको काम, कर्तव्य र अधिकारः

क) उपमहानगरपालिकाले सञ्चालन गर्ने सवै सामाजिक अभियानमा समुदायस्तरको व्यापक सहभागिताका लागि प्रयास गर्ने।

ख) गठन भएका टोल विकास संस्थाहरुबीच समन्वय गर्ने ।

ग) दुई वा दुईभन्दा बढि संस्थाहरुको समन्वयमा कार्य गर्नु परेमा ती संस्थाहरुको वीचमा समन्वय गराउन भुमिका निर्वाह गर्ने ।

घ) नगरको विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

ङ) संस्थाहरुकोतर्फबाट विभिन्न तहमा नेतृत्व प्रदान गर्ने ।

च) नगरको विकासमा देखा परेका समस्या तथा चुनौतीहरुलाई पहिल्याउन मद्दत गर्ने ।

छ) टोल विकास संस्थाहरु, टोल विकास संस्था वडा समन्वय समितिको क्षमता विकास, सीप तथा आय–आर्जन एवं स्वरोजगार जस्ता कार्यक्रममा समेत सहयोग गर्ने ।

ज) टोल विकास संस्थाहरुको क्रियाशिलताका लागि टोल विकास संस्थाहरु तथा वडा स्तरीय समन्वय समिति गठन गर्ने र टोल विकास संस्था, टोल विकास संस्था समन्वय समितिलाई क्रियाशील गराउने ।

झ) वातावरणमैत्री विकासलाई प्रवर्धन गर्दै हेटौंडा उपमहानगरपालिकालाई वातावरणीयमैत्री नगर निर्माण गर्न सहयोगी भूमिका निर्वाह गर्ने ।

**१०. वडा समन्वय समिति गठन र समितिको काम कर्तव्य र अधिकारः** प्रत्येक वडाका आधारभूत तहका सदस्य टोल विकास संस्थाहरुको प्रतिनिधिको भेलाबाट प्रत्येक वडामा एकटोल विकास संस्था वडा समन्वय समिति सर्वसम्वत वा बहुमतको आधारमा चयन गरीनेछ। वडाभित्र क्रियाशिल टोल विकास संस्थाहरुको कार्य समितिले तोकेका प्रत्येक टोल विकास संस्थाबाट तीन तीन जना प्रतिनिधि वडा भेलाका सदस्य हुनेछन्, जस मध्ये एक महिला अनिवार्य हुनुपर्नेछ। प्रतिनिधिहरुको भेलाले एक अध्यक्ष, एक उपाध्यक्ष, एक सचिव, एक सहसचिव, एक कोषाध्यक्ष र छ सदस्यीय गरी ११ सदस्यीय कार्यसमिति गठन गर्नेछ। निर्वाचित कार्यसमितिले अध्यक्षको सिफारीसमा २ जना आवश्यकताको आधारमा मनोनयन गर्न सक्नेछ। वडा समन्वय समिति समावेशिताको आधारमा तय गरीनेछ । वडा समन्वय समितिको पदाधिकारीहरुको कार्यकाल ३ वर्षको हुनेछ। कार्यकाल समाप्त भएको मितिले बढीमा ३ महिना भित्र अनिवार्य रुपमा भेला गर्नुपर्नेछ। वडा समन्वय समितिले वडाभित्र रहेका टोल विकास संस्थाहरु र नगर समन्वय समिति बिच समन्वयकारी एवं सहजीकरणको भूमिका निर्वाह गर्दै टोल विकास संस्थाहरुको क्रियाशिलताका लागी आवश्यक भूमिका निर्वाह गर्नेछ। वडा समन्वय समितिले आफ्नो कार्य संचालन यो कार्यविधि सँग नबाझिने गरी आफैं निर्धारण गरी व्यवस्थित गर्नसक्नेछ ।

**११. कार्य अवधि सम्बन्धी व्यवस्थाः** यस कार्यविधि लागु भए पश्चात टोल विकास संस्था, वडा समन्वय समिति र नगर समन्वय समितिको पदाधिकारीको हकमा एक व्यक्ति एकै पदमा निरन्तर दुई कार्यकाल भन्दा बढि बस्न पाईनेछैन।

## परिच्छेद – ४

## अनुगमन–मुल्यांकन तथा पुरस्कार व्यवस्था

**१२. अनुगमन–मुल्यांकनः** संस्थाहरुको अनुगमन तथा मुल्यांकन तपसिलका बिषयमा आधारित वा मापदण्ड तयार गरी गर्न सकिन्छ ।

क) नियमित प्रगति विवरण, बैठक, आर्थिक पारदर्शिता, बार्षिक साधारण सभा, बचत परिचालन, रचनात्मक गतिविधि सञ्चालन, श्रोत परिचालन, राष्ट्रिय तथा स्थानीय सामाजिक अभियानहरुमा सहभागिता, ऋण परिचालनको अवस्था, वेरुजु तथा बेरुजू फछ्र्यौट एवं सिर्जनशिलता आदिको आधारमा संस्थाको मूल्यांकन गरी पुरस्कृत एवं दण्डित गर्न सकिनेछ।

ख) उपमहानगरपालिकाले नियुक्त गरेको वा संस्था आफैंले नियुक्त गरेको लेखा लेखापरीक्षकबाट लेखा परीक्षण गराउनुपर्नेछ। लेखा परीक्षकको पारिश्रमिक साधारण सभाबाट पारित गर्नुपर्नेछ ।

ग) संस्थाको हिसाव विवरण र त्यस सम्वन्धमा लेखा परीक्षकको प्रतिवेदन साधारण सभाबाट अनुमोदन गर्नुपर्दछ।

घ) तोकिएको समयमा साधारण सभा नगर्ने संस्थालाई कारवाही गरिनेछ ।

ङ) दण्ड तथा पुरस्कार सम्बन्धी व्यवस्था टोल विकास संस्थाको स्तर मापन गर्न निर्देशिका समितिले विभिन्न सुचांकहरु निर्धारण गरी सो का आधारमा टोल विकास संस्थाहरुको वार्षिक रुपमा मूल्यांकन गरी उत्कृष्ट टोल विकास संस्थालाई दण्ड तथा पुरस्कारको व्यवस्था गर्न सक्नेछ। मूल्यांकन प्रयोजनका लागि निर्देशक समितिले उप समिति निर्माण गर्न सक्नेछ ।

**१३. संस्थाको कार्य समिति बिघटन, पुनर्गठन तथा खारेजीः**

क) संस्थाको विधानको उद्देश्यको बर्खिलाप वा प्रचलित ऐन, नियम, कानून विपरित कार्य गरेमा तथा सामाजिक सद्भाव बिथोल्ने गतिविधि गर्ने संस्था विघटन हुनेछ ।

ख) अदालत वा न्यायिक निकायबाट संस्थाले गरेको काम कारवाहीहरु गलत प्रमाणित भएमा वा विघटन गर्ने निर्णय भएमा।

ग) बहुमत सदस्यको उपस्थितिमा उपस्थित सदस्य संख्याको दुईतिहाई बहुमतबाट विघटनको प्रस्ताव पारित भएमा।

घ) संस्थालाई हानी नोक्सानी हुने गरी आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भएमा उपमहानगरपालिकाले कुनै पनि वेला संस्था विघटन, पुनर्गठन वा खारेज गर्न सक्दछ । तर सम्बन्धित संस्थाहरुलाई सफाइ दिने अवसरवाट वञ्चित गरिने छैन। यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार उपमहानगरपालिकाको हुनेछ।

## परिच्छेद – ५

## विविध

**१४. अविश्वासको प्रस्तावः** संस्थाको विधानमा अविश्वासको प्रस्तावसम्बन्धी व्यवस्था अनिवार्य रुपमा उल्लेख गरिएको हुनु पर्दछ। यो प्रस्ताव सम्बन्धित टोल विकास संस्थाको कम्तिमा २५ प्रतिशत सदस्यहरुले कारणसहित लिखित उजुरी समितिमा दर्ता गरेको ३५ दिनभित्र विशेष साधारण सभा बोलाई यसको टुङ्गो लगाई सक्नु पर्दछ। यदि सम्बन्धित समितिले अविश्वास प्रस्ताव दर्ता गर्न अस्वीकार गरेमा सो प्रस्ताव निर्देशक समितिमा दर्ता गर्न सकिन्छ। यस्तो प्रस्ताव दर्ता हुन आएमा निर्देशक समितिले एक महिनाभित्र टुङ्गो लगाउन निर्देशनात्मक आदेश संस्थालाई दिन सक्दछ।

**१५. सदस्यता परिवर्तनः** टोल विकास संस्थामा कुनै घरधुरीबाट सदस्य परिवर्तन गर्न चाहेमा सदस्य र सदस्यको नाममा रहेको बचत (ऋण नभएको हकमा मात्र) सदस्यको लिखित मन्जुरीमा टोल विकास संस्थाले समितिको निर्णयमा सदस्य परीवर्तन गर्न सक्नेछ । निर्वाचनमा सहभागी हुने वा मताधिकार प्रयोग गर्ने हकमा कम्तिमा ३ महिना अगाडी सदस्य परीवर्तन गरीसकेको हुनुपर्ने छ ।

**१६. निर्वाचन सम्बन्धी व्यवस्थाः** नगर समन्वय समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ५ जनाको एक निर्वाचन समिति कार्य समितिले गठन गर्नेछ। टोल विकास संस्था र वडा समन्वय समितिको हकमा नगर

समन्वय समितिबाट तोकिएको प्रतिनिधि र उपमहानगरपालिकाको अधिकृतस्तरको कर्मचारी मध्ये एकको संयोजकत्वमा बढिमा ३ सदस्यीय निवार्चन समिति रहनेछ।

क) निर्वाचन समितिले प्रचलित कानुनको परिधिभित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

ख) निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ।

ग) निर्वाचन सम्पन्न भए पश्चात निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

घ) कार्य समितिले साधारण सभाको मिति तोकेको दिनभन्दा अगाडि संस्थामा विधिवत दर्ता भई सदस्यता प्राप्त गरेका साधारण सदस्यहरुले मात्र साधारण सभामा मताधिकारको प्रयोग गर्न पाउने छन् ।

**१७. उम्मेदवार हुने योग्यताः**

(१) कार्य समितिको उम्मेदवार हुने देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः

क) टोल विकास संस्थामा उम्मेदवार हुन स्वयं उम्मेदवार संस्थाको सदस्य भएको हुनुपर्नेछ ।

ख) एकाघर परिवारबाट एक सदस्य मात्र समिति, उपसमितिहरुमा प्रतिनिधित्व गर्न पाउनेछ ।

ग) साधारण सभा आयोजना गर्ने कार्य समिति स्वतः साधारण सभामा प्रतिनिधित्व गर्न पाउनेछ।सो प्रावधानमा परिच्छेद ५ को १७(ख) ले बाधा पार्ने छैन।

(२) उपदफा (१) को खण्ड क), ख) र ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको व्यक्ति उम्मेदवार हुन पाउनेछैन।

**१८. संस्था दर्ता खारेजी वा विघटनः** स्वीकृत संस्थाको विधान बमोजिम संस्था सञ्चालन नभएमा संस्थाको सम्पत्ति नेपाल सरकारको हुनेछ।तर व्यक्तिगत बचत रकम तथा यसको आयहरु सदस्यहरुको हिसाब बमोजिम फिर्ता पाउनेछन् ।

**१९. संस्था विभाजन र नयाँ संस्थाको गठनः** टोल विकास क्षेत्रभित्र शहरीकरण बढ्दै जाँदा घरधुरी संख्या बढी भएको कारणबाट संस्थालाई सञ्चालन तथा व्यवस्थापन गर्न जटिलता हुने अवस्था रहेमा संस्थालाई भौगोलिक सिमानाका आधारमा छुट्याई नयाँ संस्था गठन गर्न सकिनेछ।साधारण सभावाट सम्पूर्ण सदस्य संख्याको कम्तिमा दुई तिहाई सदस्यको निर्णय गराई उपमहानगरपालिकामा लिखित प्रस्ताव पेश भए पश्चात नगर समन्वय समितिको सिफारिस लिई उपमहानगरपालिकाले यस सम्बन्धमा निर्णय गरी नयाँ संस्था दर्ताको अनुमति दिन सकिनेछ । कुनै स्थानमा बढी घर दुरि भई टोल विकास संस्था वडा समन्वय समिति र वडा कार्यालयले संस्था विभाजन गरी नयाँ संस्था गठन गर्ने सिफारीस गरेमा टोल विकास संस्था नगर समन्वय समितिको सिफारीस लिई आवश्यकताको आधारमा प्रकृया पुरा गरी आएमा टोल विकास संस्था थपघट गर्न सकीनेछ ।

**२०. संशोधनः**

(क) आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्यनजर गरी कार्यपालिकाले प्रचलित कानूनसँग नबाझिने गरी यस कार्यविधि संशोधन गर्न सक्नेछ ।

(ख) संस्थाको विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारणसभामा पेश गरी सो सभामा उपस्थित सदस्यहरुको दुईतिहाइ बहुमतले पारित गरी टोल विकास संस्था नगर समन्वय समितिको सिफारीसमा निर्देशक समितिबाट अन्तिम स्वीकृति पछि विधान संशोधन हुनेछ।

**२१. खारेजी तथा बचाउः**

क) प्रचलित नेपालको ऐन नियमहरुसंग बाझिएको हदसम्म यस कार्यविधिको प्रावधान तथा व्यवस्थाहरु स्वतः खारेज हुनेछ ।

ख) यो कार्यविधि जारी हुनुभन्दा अगाडी गठन भएका टोल विकास संस्थाहरु पनि यसै कार्यविधि बमोजिम गठन भएको मानिनेछ। साथै यस अघि जारी भएको टोल विकास संस्था गठन, परिचालन तथा संचालन कार्यविधि, २०७६ यसको प्रारम्भ संगै खारेज हुनेछ। टोल विकास संस्थाका विभिन्न तहका संरचना निर्माण भएकोमा यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

## अनुसुची–१
## दफा ८ क संग सम्बन्धित
## ............................. टोल विकास संस्थाको विधान

हेटौंडा.........., मकवानपुर

प्रस्तावना :

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गरी आफ्नो टोल समुदायको विकासका लागि सामुहिक प्रयत्न अघि बनाउन, जनसहभागिताका माध्यमबाट समतामुलक समाबेशी र वातावरणमैत्री दिगो विकास हासील गर्न, सामुदायिक भावना विकास, पारस्पारिकता, सद्भाव विकास गर्दै वचत संकलन र परिचालनबाट स्वावलम्बन सृजना गर्दै नगर क्षेत्रकै गरीवी न्युनीकरणमा टेवा दिन र हेटौंडा उपमहानगरपालिकाले अंगिकार गरेको स्वच्छ, सृजनशील, सम्बृद्ध औद्योगिक नगरको दूर दृष्टिका माध्यमबाट मानवियताको शहर निर्माण अभियानमा टोल समुदाय तहबाट योगदान गर्न तथा टोलका जनसमुदायहरुलाई संस्थागत रुपमा विकास गर्ने वातावरण सिर्जना गर्न.................... टोल विकास संस्था स्थापना गरी संचालन गर्न वान्छनीय भएकोले यो विधान बनाइएको छ ।

### परिच्छेद १

१. प्रारम्भिकः

संक्षिप्त नाम र प्रारम्भ

क) यो विधान.................टोल विकास संस्थाको विधान हुनेछ ।

ख) यो संस्थाको नाम.................... टोल विकास संस्था हुनेछ ।

ग) यो विधान............................ टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

३) यस संस्थाको कार्यालय.............................. टोलमा रहनेछ ।

ङ) यस संस्थाको सिमानाः

पूर्व.................................. पश्चिमः ...............................

उत्तरः ............................... दक्षिणः ....................................

२. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः

क) “संस्था” भन्नाले टोल विकास संस्थालाई सम्झनुपर्छ ।

ख) “विधान” भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनुपर्छ ।

ग) “साधारणसभा” भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनुपर्छ ।

घ) “समिति” भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्झनुपर्छ ।

ङ) “बैठक” भन्नाले संस्थाको संयुक्त वा छुट्टा छुट्टै बैठक सम्झनुपर्छ ।

च) कार्यमुलक उपभोक्ता समुह भन्नाले साधारण सभाले विशेष जिम्मेवारी दिई गठन भएका समूह वा संस्थाभित्र विभिन्न कार्य गर्नका निमित्त गठित समूहहरुलाई सम्झनुपर्छ ।

छ) पदाधिकारी भन्नाले संस्था वा कार्यमुलक/उपभोक्ता समुहका अध्यक्ष, कोषाध्यक्ष सचिव र सदस्यहरुलाई जनाउंछ ।

ज) उपसमिति भन्नाले कुनै निश्चित कार्य तथा अवधि तोकी गठन गरिएको उपसमितिलाई सम्झनु पर्छ ।

झ) “बचत” भन्नाले साधारण सदस्यहरुबाट निश्चित अबधिमा संचय गरेको रकमलाई

सम्झनुपर्छ ।

ञ) “बचतकर्ता” भन्नाले संस्थाका बचत गर्ने सदस्यहरुलाई जनाउंछ ।

६) “ऋण” भन्नाले एकमुष्ट वा किस्तावन्धीका रुपमा फिर्ता बुझाउने गरी निशचित अबधि, व्याजदर र उद्धेश्यका साथ प्रदान गरेका रकमलाई जनाउदछ ।

७) “तोकिए” वा “तोकिएबमोजिम” भन्नाले संस्थाले समयसमयमा गरे निर्णयबमोजिम निर्धारित कार्यविधि वा यस विधानअर्न्तगत बनाइएका नियमावली वा विनियममा उल्लेखित कुराहरुलाई जनाउदछ ।

३. **संगठित संस्था हुने :**

**क)** संस्थाको आफ्नो छुट्टै छाप हूनेछ । सो छाप कार्यमुलक/उपभोक्ता समुहहरुले आ- आफ्नो नाम राखी प्रयोग गर्न पाउनेछन् ।

ख) संस्था तथा कार्यमुलक/उपभोक्ता समुहले व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न वा कूनै प्रकारको बन्दोबस्त गर्न सक्नेछ ।

ग) संस्था वा कार्यमुलक/उपभोक्ता समुहले व्यक्तिसरह आ- आफ्नो नामवाढ नालिस उजूर गर्न र सोउपर नालिस उजूर लाग्न सक्नेछ ।

## परिच्छेद - २

### ४. संस्थाका उद्देश्यहरुः

संस्थामा आवद्ध सबैखाले सदस्यहरुको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्धेश्य हुनेछ ।

क) टोल स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

ख) टोलका व्यक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रमको संचालन गरी गरिबी न्यूनीकरणमा मदत पुर्‍याउने ।

ग) स्थानिय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समूदायका व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पूर्‍याउने ।

घ) संस्थालाई नगरपालिकाको सबभन्दा तल्लो एकाईको रुपमा स्थापित गराई सहभागितात्मक उपमहानगरपालिका योजना तर्जूमा, अनुगमन तथा मुल्यांङ्कन प्रक्रियामा सक्रिय सहभागी बनाउने।

ङ) स्वशासित संस्थालाई प्रभावकारी बनाउने ।

**५ . संस्थाका कार्यहरुः**

क) प्रत्येक टोल स्तरमा शतप्रतिशत घरपरिवार सहभागी भएका महिला वा पूरुष वा दूवैथरी समावेश भएको टोल विकास संस्था गठन गर्ने ।

ख) सदस्यहरुवाट नियमित रुपमा बचत संकलन तथा परिचालन गर्ने ।

ग) संस्थाका सदस्यहरुलाई उद्यमशीलतातर्फ अग्रसर गराउन आफ्नो स्वलगानी तथा संघसंस्थाबाट ऋण लिई उद्यम संचालन गर्न पहल गराउने ।

३) तालिम तथा प्रविधिमा विशेष चाख राखी टोलवासीहरुको ज्ञान र सीप वृद्धि गराउने कार्यमा सहयोग गर्ने ।

ङ) टोलमा आईपरेका समस्याहरु समाधान गर्न एकअर्कामा भाईचारा कायम गरी सभ्य समाजको अवधारणा कायम गर्ने ।

च) पिछडिएका वर्ग तथा जनजातिहरुको विकासका लागि सम्वन्धित क्षेत्र तथा निकायवाट सहयोगका लागि सम्वन्ध विस्तार तथा समन्वय कायम गर्ने ।

छ) बाल सहभागिता अभिबृद्धि, सामाजिकीकरण् एंव बाल विकासका लागि टोल क्षेत्रमा बाल क्लव गठन, परिचालन र बाल बचत कार्यक्रम सञ्चालन गर्ने ।

ज) आफ्नो समस्यालाई प्रभावकारी रुपमा कार्यान्वियन गर्न तथा स्रोतको समूचित परिचालनका लागि आफ्ना सामाजिक तथा आर्थिक पुर्वाधार विकाससम्वन्धी टोल विकास योजना र उद्यम विकास योजना बनाउने ।

झ) उपमहानगरपालिकाले अघि बढाउने सामाजिक एवं आर्थिक विकास र सामाजिक परिवर्तनका अभियानमा ऐक्यबद्धता एवं प्रतिबद्धता जनाउंदै सिंगो नगरको विकासमा आफ्नो क्षेत्रबाट योगदान गर्ने ।

ञ) महिनामा एक दिन आफ्नो टोल समुदायमा सरसफाइ अभियान सञ्चालन गरेर टोलको स्वच्छता अभिबृद्धि गर्ने।

## परिच्छेद - ३

**६. सदस्यताः**

क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी बिधानलाई स्वीकार गर्ने स्थानीय सबै बालिग व्यक्ति, टोलवासी यस संस्थाको सदस्य हूनेछ ।

ख) सदस्य बन्न इच्छूक नयां टोलवासीलाई संस्थाले तोकेबमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

**७. सदस्यता नरहनेः**

क) सदस्यको मृत्यू भएमा ।

ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा । तर संस्थाको निर्णय उपर चित्त नबूझेमा साधारणसभामा पेश गर्ने र साधारणसभाको निर्णय अन्तिम हूनेछ ।

ग) सदस्यता शूल्क नतिरेको वा संस्थाको निर्णय पालन नगरेमा संस्थाले निर्णय गरी सम्पुर्ण सदस्यहरुलाई जानकारी गराएमा ।

घ) संस्थालाई हानि नोक्सानी हूने कूनै कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा । तर सम्बन्धित सदस्यहरुलाई सफाइ दिने अवसरवाट वन्चित गरिनेछैन । यससम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारणसभा हूनेछ ।

## परिच्छेद - ४

### ८. संस्था गठन एवं कार्य संचालन विधिः

क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मति निर्णयवाट टोलको क्षेत्र निर्क्यौल गरेपछि त्यस टोलभित्र बसोबास गर्ने सम्पुर्ण बालिग व्यक्तिहरुको उपस्थितिमा संस्था गठन गरिनेछ । तर कार्य समिति गठन तथा अन्य प्रयोजनमा मतदान गर्नुपर्ने अवस्था हुंदा स्थायी बसोबास भएका प्रति परिवारबाट एक जनाले मात्र मतदान गर्न पाउनेछन् ।

ख) दफा ८ (क) बमोजिम टोल विकास संस्था गठन गर्न उपस्थित भएकाहरुले गरेको सर्वसम्मत वा बहुमतीय निर्णयको आधारमा एक एक जना अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव, सह सचिव र अन्य सदस्य गरी बढीमा एघार सदस्यीय कार्य समिति गठन हुनेछ ।

ग) बचत कार्य सञ्चालन भएको टोल विकास संस्थाको हकमा कार्य समितिमा रहन अनिवार्य रुपमा बचतकर्ता व्यक्ति हुनुपर्दछ ।

घ) कार्य समितिको कार्यकाल २ वर्षको हूनेछ ।

### ९. संस्थाका पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार :

संस्थाका पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार देहायबमोजिमका हूनेछन् ।

**क) अध्यक्षको काम, कर्तब्य र अधिकार :**

टोल विकास संस्थालाई कसरी प्रभावकारी भन्ने सम्वन्धमा संस्थाका अध्यक्षको काम, कर्तब्य र अधिकार निम्न वमोजिम हूनेछ :-

१. टोल विकास संस्थाको नियमित बैठक बोलाउने/बैठकका लागि मिति, समय र स्थानको निर्णय गर्न संस्थाका सबै सदस्यको सहमति लिने ।

२. बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

३. बैठकमा अनूशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

४. छलफल हूंदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५. बैठकमा आवश्यक प्रस्तावहरु पेश गर्न लगाउने ।

६. निर्णयहरु लागू गर्ने र गर्न लगाउने ।

७. सचिव र कोषाध्यक्षलाई आवश्यकताअनूसार सहयोग पूऱ्याउने ।

८. विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

९. संस्थाले आर्जन प्राप्त गरेको नगद वा जिन्सी सामानको सूरक्षाको प्रबन्ध मिलाउने ।

१०. आवश्यक कार्यमा संस्थाको प्रतिनिधित्व गर्ने वा गराउने ।

११. अन्य सहयोगी निकायहरुसंग समन्वय राख्ने, आवश्यक भएमा परिचालनको बन्दोबस्त गर्ने ।

१२. बिशेष बैठकको आवश्यकता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने ।

१३. विविध प्रकारका समन्वय बैठकमा भाग लिने ।

**ख) संस्थाको उपाध्यक्षको काम, कर्तब्य र अधिकारः**

१. अध्यक्षको अनुपस्थितिमा अध्यक्षको रुपमा जिम्मेवारी लिने ।

२. अध्यक्षलाई आवश्यक सहयोग गर्ने ।

**ग) संस्थाको सचिवको काम, कर्तब्य र अधिकारः**

१. अध्यक्षको आदेशानूसार वैठक बोलाउने ।

२. अध्यक्षको अनूपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

३. एकतिहाइ सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने ।

४. बैठक पूस्तिकामा उपस्थिति गराउने ।

५. छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय पढेर सूनाउने पूनःप्रत्येक सदस्यहरुलाई हस्ताक्षर गर्न लगाउने ।

६. वचत तथा ऋण लगानीको व्यवस्थापन गर्न सहयोग पूऱ्याउने ।

७. संस्थाको क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने ।

८. संस्था संचालनमा र अन्य सदस्यहरुलाई आवश्यक सहयोग गर्ने ।

**घ) संस्थाको सहसचिवको काम, कर्तब्य र अधिकारः**

१. सचिवको अनुपस्थितिमा सचिवको रुपमा जिम्मेवारी लिने ।

२. सचिवलाई आवश्यक सहयोग गर्ने ।

**ङ) संस्थाका कोषाध्यक्षको काम, कर्तब्य र अधिकार :**

१. प्रत्येक बैठकमा सबै सदस्यहरुबाट बचत संकलन गरी बचतको विवरण पेश गर्नूपर्ने ।

२. प्रत्येक सदस्यको बचत रकम व्यक्तिगत बचत खातामा चढाउने ।

३. व्यक्तिगत बचत खाताअनूसारको रकम प्रत्येक सदस्यको पासबूकमा चढाई प्रमाणका लागि दस्तखत गर्ने ।

४. संकलित बचत रकम संस्थाको निर्णयअनूसार नजिकको बैंकको खातामा जम्मा



नेपाल राजपत्र

गरी/गराई बैंकबाट प्राप्त भएको पासबूकमा उल्लेख गराउने ।

५. बैठकको निर्णयअनूसार बचतको परिचालन गरी रेकर्ड राख्ने ।

६. निर्णयअनूसार गर्नूपर्ने लगानी गरी असुलीसमेत गर्ने र लगानी र असुलीको रेकर्ड राख्ने ।

७. सम्पुर्ण सदस्यहरुको गत बैठकसम्मको बचत रकम, बैकमा रहेको रकमसंग भिडाउने । जस्तै, कूल बचत रकम - बैकमा रहेको रकम . लगानी/नगद मौज्दात

८. ऋण लगानी पश्चात् प्राप्त व्याज आम्दानी वा अन्य कार्य गर्दा प्राप्त हूने आम्दानीको वितरण गरी सबै सदस्यहरुको व्यक्तिगत खाता, पासबूक एवं बचतखातामा चढाउनूपर्ने ।

९. संस्थाले गरेको काम/कारोबारको लेखापरीक्षण गराउने ।

१०. बैकमा खाता संचालन गर्दा संयूक्त रुपमा खाता संचालन गर्ने ।

११. अन्य सदस्यहरुसंग समन्वय राखी सहयोग लिने दिने ।

१२. संस्थाका नगद र जिन्सी सामानको जिम्मा लिई सूरक्षा गर्ने ।

**ङ) संस्थाका सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

१. आवश्यकताअनूसार अध्यक्ष, उपाध्यक्ष, सचिव,सह सचिव, कोषाध्यक्षहरुलाई सघाउने ।

२. बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

३. नियमित बचत बूझाउने र अरुलाई पनि बुझाउन प्रोत्साहित गर्ने ।

४. आफूले लिएको ऋण समयमा तिर्ने साथै ऋण असुली गर्न सहयोग गर्ने ।

## १०. संस्थाको बैठक र कार्य प्रणाली :

संस्थाको सम्पुर्ण सदस्यहरु र सल्लाहकार समेत रहेको एक साधारण-सभा हुनेछ । साधारणसभा बर्षमा एक पटक बस्नेछ र आवश्यकता अनुसार विशेष साधारण सभा बस्न सक्नेछ । साधारण सभाको अध्यक्षता संस्थाका अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा क्रमशः संस्थाको उपाध्यक्ष, सचिव, सहसचिव र निजको पनि अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ । साधारण-सभा संस्थाको सर्वोच्च निकाय हुनेछ । संस्थाको कार्य समितिको बैठक कम्तिमा दुई महिनामा एक पटक बस्नेछ ।

## ११. साधारण-सभाको काम, कर्तब्य र अधिकार :

क) संस्थाको साधारण-सभाको सल्लाह प्राप्त गर्न उचित देखी पेश गरेको जुनसुकै विषयमा यथोचित् सल्लाह दिने ।

ख) लेखापरीक्षक नियुक्ति गर्ने तथा यसको पारिश्रमिक तोक्ने ।

ग) संस्थाको गत सालको हिसाव विवरण र त्यस सम्वन्धमा लेखापरिक्षकको प्रतिवेदन पारित गर्ने ।

घ) अख्तियार प्रदान गर्ने ।

ङ) उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।

च) विधान संशोधन गर्ने ।

छ) आवश्यकताअनुसार सल्लाहकारको मनोनयन गर्ने ।

ज) आवश्यकतानुरुप टोल विकास योजना तथा उद्यम विकास योजना बनाउने ।

झ) कार्य समितिको गठन गर्ने ।

**१२. आर्थिक व्यवस्था :**

**क) संस्थाको देहायबमोजिम आर्थिक श्रोत हुनेछ :**

- ❖ सदस्यताबाट प्राप्त शुल्क ।
- ❖ सदस्यहरुबाट गरिने नियमित बचत ।
- ❖ सरकारी तथा गैरसरकारी संस्थावाट निःशर्त सहायता/अनुदान ।
- ❖ दाताहरुबाट प्राप्त निःशर्त सहयोग ।
- ❖ संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त वा सेवा प्रदान गरेर आर्जित आय वा पुरस्कार ।
- ❖ संस्थाको कोषबाट आर्थिक आय ।
- ❖ टोल विकास संस्थाले विभिन्न संघसंस्थासंग ऋण लिई आफ्ना सदस्यहरुलाई ऋण लगानी गरी कमाएको ब्याज, सेवा शुल्क र हर्जाना बापतको रकम ।
- ❖ अन्य आम्दानी ।

ख) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षणपश्चात् विवरण साधारणसभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।

ग) संस्थाको नाममा प्राप्त वा खरिद चल-अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिए बमोजिम हुनेछ ।

**१३. बचत :**

क) टोल विकास संस्थाका सदस्यहरुले सम्पूर्ण सदस्यहरुवाट नियमित रुपमा बचत संकलन गरी एक टोल विकास संस्थाको बचत खडा गर्नेछ ।

ख) उक्त संस्थाको बचतको प्रयोगका लागि बैठकको सर्वसम्मत निर्णय आवश्यक पर्नेछ ।

ग) संस्थाको बचत सामान्यतया सदस्यहरुको आर्थिक विकासमा खर्च गर्नुपर्नेछ ।

घ) यो बचत रकम संस्थाको कार्यक्षेत्रभित्र संस्थाका सदस्यहरुबीच तोकिएको सर्त र व्यवस्था अनुरुप लगानी र असुली हुनेछ ।

ङ) यो बचत रकम निरन्तर चल्ने र वृद्धि हुदै जानेछ ।

च) यो बचत रकम संलग्न सदस्यहरुको दाबी रहनेछ ।

छ) संस्थाको नयां सदस्य बनी संस्थामा प्रवेश हुन चाहने संस्थाको निर्णय बमोजिम हुनेछ ।

ज) यो बचत रकम संचालन कार्यविधि तोकिए बमोजिम हुनेछ ।

झ) संस्था दर्ता खारेजी वा विघटन भएमा संस्थाको सामुहिक सम्पत्ति नेपाल सरकारको हुनेछ । तर व्यक्तिगत बचत रकम तथा यसको आयहरु सदस्यहरुको हिसाब बमोजिम फिर्ता पाउनेछन् ।

**१४. राजीनामा :**

क) संस्थाका सदस्यहरुले आफ्नो पदवाट राजीनामा दिन चाहने अध्यक्ष समक्ष दिन सक्नेछन् ।

ख) अध्यक्षले आफ्नो राजीनामा उपाध्यक्ष मार्फत संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर संस्थाले निर्णय गरेबमोजिम हुनेछ ।

**१५. अविश्वासको प्रस्ताव :**

संस्थाको अध्यक्ष एवं पदाधिकारीहरुउपर अविश्वास लागे यथोचित् कारण देखाई संस्थाका ६७ प्रतिशत सदस्यहरुले विशेष साधारणसभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ ।

**१६. विधानको संशोधनः**

यस टोल विकास संस्थाको विधान संशोधन गर्नुपर्ने भएमा कार्यगत समितिले स्वीकृत गरेपछि साधारणसभामा पेश गरी सो सभामा उपस्थित सदस्यहरुको दुईतिहाइ बहुमतले पारित गरी नगर समन्वय समितिले प्रमाणित गर्नुपर्नेछ ।

**१७. विविधः**

क) यस विधानबमोजिम टोल विकास संस्थाले आफ्ना सदस्यहरुमध्येवाट आर्थिक विकासका लागि उद्यमी समूह र उद्यम तथा आवश्यक परेका बखत खास कार्यका लागि कार्यमूलक र उपभोक्ता समूह गठन गर्न सक्नेछ । उक्त उद्यम /उद्यमी समूहको काम, कर्तव्य तथा अधिकार तोकिएबमोजिम हुनेछ ।

ख) यो विधानको  व्याख्या गर्ने अधिकार संस्थाको साधारणसभामा निहित रहनेछ ।

ग) संस्थाले संस्थाको उद्देश्य पुर्तिका लागि विधानको अधीनमा रही नियमावली बनाउन र उपसमिति गठन गर्नु पर्नेमा सो समेत गर्न सक्नेछ ।

घ) प्रचलित नेपालको ऐन नियमहरुसंग बाझिएको हदसम्म स्वत : खारेज हूनेछ ।

धन्यबाद !

हेटौंडा उपमहानगरपालिका

**अनुसुची–२**
**दफा ८ घ संग सम्बन्धित**

हेटौडा उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर

**<u>टोल विकास संस्था दर्ताको प्रमाण पत्र</u>**

श्री अध्यक्षज्यू,
......................टोल विकास संस्था
हेटौंडा उपमहानगरपालिका, वडा नं.......

हेटौडा उपमहानगरपालिकाको टोल विकास संस्था गठन, संचालन तथा सञ्चालन कार्यविधि–२०७९ को दफा ८ बमोजिमको प्रक्रिया पुरा भएकोले निर्देशक समितिको मिति २०.....।.......।.......गतेको निर्णयानुसार यो संस्था दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

तपाई र तपाईको नेतृत्वमा गठन भएको संस्थाले यो कार्यविधिको अधिनमा रहि टोल, टोलवासीको चौतर्फी विकासका लागि क्रियाशिल रहनेछ भन्ने विश्वास लिएका छौं ।

मितिः ........................

........................
आधिकारिक दस्तखत

नोटः यो प्रमाण पत्र टोल विकास संस्था नगर समन्वय समितिको सिफारीसमा उपमहानगरपालिकामा लेखापरिक्षण सहित बार्षिक प्रतिवेदन बुझाएपछि नविकरण हुनेछ।

हेटौंडा राजपत्र

**अनुसुची–३**

**दफा ८ ञ संग सम्बन्धित**

टोल विकास संस्थाको अर्धवार्षिक प्रतिवेदन

श्री अध्यक्ष ज्यू,

हेटौंडा उपमहानगरपालिका

टोल विकास संस्था नगर समन्वय समिति

हेटौंडा, मकवानपुर ।

महोदय,

उपर्युक्त सम्बन्धमा यस टोल विकास संस्थाको २०.........साल................महिनाको तपसिलमा उल्लेखित विरण सहित प्रगती प्रतिवेदन आवश्यक जानकारी एवम् कार्यार्थ पेश गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

तपसिल

१ अघिल्लो महिना टोल विकास संस्थाको बैठक बसेको मितिः

२ अघिल्लो महिनामा बचत परिचालन कोषको बैठक बसेको मितिः

३ अघिल्लो महिना लेखा उप–समितिको बैठकको मितिः

४ बैठकमा उपस्थिती सदस्य संख्या महिला पुरुष

५ बैठक अध्यक्षता गर्ने व्यक्तिको नाम, थर, र दर्जा

६ बैठकका मुख्य मुख्य प्रस्तावहरु

७ बैठककमा मुख्य मुख्य निर्णयहरु

७ लगानी तथा बचत सम्बन्धि विवरण

८ बिबिध

**आज्ञाले**

**शिवराज चौलागाई**

**प्रमुख प्रशासकीय अधिकृत**